# बैठक नं. २६

आज मिति २०८० साल भाद्र ३१ गते आईतबार यस कीर्तिपुर नगरपालिकाका नगरप्रमुख श्री राज कुमार नकर्मीज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री राजकुमार नकर्मी | |
| २ | सदस्य, उपप्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा नं. १ | श्री हिरालाल महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा नं. २ | ई. श्री रूपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा नं. ३ | श्री सुबिन्द्र महर्जन | |
| ६ | सदस्य, का.वा. अध्यक्ष वडा नं. ४ | श्री दिनेश चन्द्र दाहाल | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह बस्नेत ( पृथ्वी ) | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य | श्री हरिराम बोगटी | |
| १४ | सदस्य | श्री जमुना महर्जन | |
| १५ | सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | सदस्य | श्री विमला थापा (कार्की) | |

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १९ | सदस्य | श्री सुजाता सुनाम | |
| २० | सदस्य सचिव | श्री लक्ष्मी प्रसाद बास्कोटा | |

| आमन्त्रित व्यवस्थापन कर्मचारीहरुः | | | |
|---|---|---|---|
| सि.न. | पद | नाम, थर | दस्तखत |
| १ | लेखा अधिकृत | श्री प्रविनकुमार शाही | |
| २ | वरिष्ठ अधिकृत सातौं | श्री जनक थापा | |
| ३ | वरिष्ठ अधिकृत सातौं | श्री अनुज थापा | |
| ४ | नगर प्रमुखको सचिवालय | श्री राजकपुर श्रेष्ठ | |
| ५ | उप प्रमुख सचिवालय | श्री केशव महर्जन | |
| ६ | क.अ. | श्री अकिल अमात्य | |
| ७ | नगर प्रमुखको सचिवालय | श्री रविन नकर्मी | |
| ८ | रोजगार संयोजक | श्री केदार बुढाथोकी | |
| ९ | लघु उद्यम विकास सहजकर्ता | श्री अप्सरा भट्टराई | |

<u>प्रस्तावहरु</u>

१) प्रधानमन्त्री रोजगार कार्यक्रम र मेडपा कार्यक्रमको समीक्षा सम्वन्धमा।

२) सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक र कर्मचारीको थप सुविधा सम्वन्धमा।

३) स्टार स्कूलको निजि शैक्षिक गुठीको विधान सम्बन्धमा ।

४) आ.व. २०७९/२०८० को बार्षिक समीक्षा बैठक सम्बन्धमा ।

५) विश्व पर्यटन दिवस मनाउने सम्वन्धमा ।

६) विविध

निर्णय नं . १

गत आर्थिक बर्ष २०७९/२०८० मा संचालित प्रधामन्त्री रोजगार कार्यक्रम र लघु उद्यम बिकास (मेडपा) कार्यक्रमको समीक्षा गरिनुका साथै चा.लु. आ.व. २०८०/२०८१ मा उक्त कार्यक्रमहरु थप प्रभावकारी रुपमा संचालन गर्ने सम्वन्धमा आवश्यक छलफल गरीयो । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.ब.०८०/८१ को स्वीकृत कार्यक्रम वडागत र नगरस्तरिय योजना छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं . २

यस कार्यालय अन्तरगत रहेका सामुदायिक बिद्यालयहरुमा कार्यरत तपशिल बमोजिमका शिक्षक तथा कर्मचारीहरुको पारिश्रमिक २०८० आश्विन १ गते देखि लागु हुने गरी निम्नानुसार थप गर्ने निर्णय गरीयो ।

| कर्मचारी | संख्या | खाईपाई आएको | हाल थप गर्नु पर्ने | जम्मा | महिना | जम्मा खर्च |
|---|---|---|---|---|---|---|
| विद्यालय सहायक | १० | १६००० | २५०० | १८५०० | ११ | |
| वालविकास सहयोगी | १४ | १७५०० | २००० | १९५०० | ११ | |
| विद्यालय सहयोगी | १२ | १५००० | १००० | १६००० | ११ | |
| नेपाल भाषा प्रशिक्षक, दशैं खर्च | १६ | ० | २०००० | २०००० | १ | |
| स्वयंसेवक शिक्षक ,दशैं खर्च | १ | ० | १२००० | १२००० | १ | |

निर्णय नं . ३

कीर्तिपुर नगरपालिका वडा नं. ९, नयाँबजारमा संचालनमा रहेको स्टार स्कूलको शैक्षिक निजि गुठीको बिधान यस नगरपालिकाको नगरकार्यपालिकाको १०७ औ बैठकबाट स्वीकृत भई लागु भएकोमा मिति २०८०/०२/२९ गते विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय सहित बिधान संशोधनका लागि अनुरोध भई आएको हुँदा स्टार स्कूलको शैक्षिक निजी गुठीको बिधान, २०७७ को दफा (१०) को (त) पछि देहाय बमोजिम थप गरी स्वीकृत गर्ने निर्णय गरीयो ।

देहाय

“(थ) विद्यालयको नाममा रहेको चल अचल सम्पति खरिद बिक्रि गर्ने ।”

निर्णय नं . ४

गत आ.ब. २०७९/२०८० को बार्षिक प्रगती समिक्षा मिति २०८०/०६/१८ गते बिहिवार नगरपालिका कार्यालयको सभाहलमा आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं . ५

यही मिति २०८० साल आश्विन ११ गते कीर्तिपुर नगरपालिकाको समग्र पर्यटन प्रवर्द्धन गर्ने हेतुले विश्व पर्यटन दिवस २०२३ को उपलक्ष्यमा “पर्यटन र हरित लगानी” भन्ने नाराका साथ यस क्षेत्रको पर्यटकीय सम्पदाको प्रचार

प्रसार गर्ने उद्देश्यका साथ वडा नं. ४ मा अवस्थित पुष्पलाल स्मृती प्रतिष्ठान देखि चम्पादेवी, भष्मासुर डाँडा हुँदै मच्छेनारायण मन्दिरसम्म पदयात्रा (हाईकिङ) कार्यक्रम गरी मनाउने निर्णय गरियो ।

निर्णय नं. ६

चम्पादेवी इको फ्रेण्डली कम्पनी प्रा. लि. को मिति २०७९/१२/२७ को निवेदन अनुसार मिति २०६२/०७/२० मा नेपाल सरकार, वन मन्त्रालय, वन विभागसँग चम्पादेवी डाँडाको २२ हेक्टर वन क्षेत्रमा पर्या-पर्यटन परियोजनाको लागि सम्झौता गरी पट्टा लिएको थियो । सो परियोजना अनुसार निवेदकले केवलकार निर्माण र सञ्चालनको लागि वातावरणीय परीक्षण गरी स्वीकृतिको चरणमा रहेको अवस्थामा वन विभागले अकस्मात सम्झौता भंग गरी पट्टा खारेज गरेकोले त्यसको विरुद्धमा न्यायिक उपचारका लागि अदालतमा गई सम्मानित सर्वोच्च अदालतबाट मिति २०७४/०७/२८ मा उक्त पट्टा खारेजीको निर्णय बदर भई निवेदकले जिती पट्टा कायम रहिरहेको छ । सम्मानित अदालतबाट फैसला भएपछि परियोजनाको निरन्तरताको लागि वातावरण मन्त्रालयमा निवेदन दिंदा EIA पूरानो भएकोले पुन: वातावरणीय परीक्षण EIA गराउनु पर्ने भनी पत्र दिएको छ । हाल आएर केबलकार निर्माण सम्वन्धी कार्य संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत परी स्थानीय नगरपालिकाबाट नै निर्माण तथा सञ्चालन अनुमति लिई नयाँ EIA को लागि प्रकृया अगाडी बढाउनु पर्ने भएकोले निवेदकले तयार गरेको हालसम्मको प्रगति प्रतिवेदन लगायत वनको पट्टा र चम्पादेवी सामुदायिक वन उपभोक्ता समुहसँगको सम्झौता संलग्न गरी दक्षिणकाली नगरपालिकाको चाल्नाखेलदेखि यस नगरपालिका अन्तर्गतको चम्पादेवी डाँडासम्म जान आउन केवलकार निर्माण तथा सञ्चालन गर्न अनुमति पाउँ भनी निवेदन पेश गरेको सम्वन्धमा उक्त कम्पनीलाई दक्षिणकाली नगरपालिकाले प्रदान गरेको प. सं. २०७५/०७६ च. नं. २३९९ मिति २०७६/०१/०६ को केवलकार निर्माण तथा सञ्चालन अनुमति पत्र समेतको आधारमा नगरपालिकाले तोकेको नियमानुसारको अनुमति शुल्क लिई प्रत्येक ६/६ महिनामा सो कार्यको प्रगति प्रतिवेदन नियमित रुपमा नगरपालिकामा बुझाउने गरी चम्पादेवी ईको फ्रेण्डली प्रालिले वातावरण प्रभाव मूल्यांकन EIA/IEE स्वीकृत गराई केवलकार सञ्चालनका लागि पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रकृया पूरा गरी उक्त केवलकार निर्माण अवधि मिति २०८०/०६/०१ देखि २०८३/०५/३० सम्म (३ वर्ष) का लागि तपसिल अनुसारको भौगोलिक सिमाना (अक्षांश र देशान्तर) रहने गरी केवलकार सञ्चालन गर्न प्रारम्भिक निर्माण अनुमति पत्र दिने निर्णय गरियो । साथै यस नगरपालिकाको आर्थिक ऐन २०८० मा केवलकार निर्माण तथा सञ्चालन अनुमति शुल्क नतोकिएको हुँदा आगामी वस्ने नगरसभाबाट अनुमोदन गराउने गरी यस नगरपालिका क्षेत्रभित्र केवलकार निर्माण तथा सञ्चालन अनुमति शुल्क रु. ८,००,०००।- (अक्षेरुपी आठ लाख रुपैया) तोक्ने निर्णय गरियो ।

तपसिल

आयोजना स्थलः- कीर्तिपुर नगरपालिका वडा नं. ४, चम्पादेवी, काठमाण्डौ ।

भौगोलिक सिमाना (अक्षांश र देशान्तर)

उत्तरः २७.३९'  ४३.२"

दक्षिण २७.३७'  ३४"

पूर्व  ८५.१६'४८"

पश्चिम ८५.१२'  ५८"

निर्णय नं. ७

विनियोजन ऐन, २०८० बमोजिमका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दा नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७९ मा उल्लेख नभएका शीर्षकमा दररेट निर्धारण गर्ने अख्तियारी नगर प्रमुखलाई दिने निर्णय गरियो ।

निर्णय नं. ८

चालु आ.ब. २०८०/८१ देखि उपभोक्ता समितिबाट रु ५० (पचास) लाख सम्मका योजनाहरू संचालन गर्ने र पुरातात्विक, धार्मिक, साँस्कृतिक र ऐतिहासिक महत्वका सम्पदा संरक्षण र मर्मत सम्भार कार्य बाहेक अन्य योजनाहरूमा उपभोक्ता समितिलाई पेश्की उपलब्ध नगराउने निर्णय गरियो ।

निर्णय नं. ९

संघ सरकार र प्रदेश सरकारका विभिन्न निकायबाट यस नगरपालिका क्षेत्रभित्र योजना तथा कार्यक्रम संचालन गर्दा यस कार्यालयको समन्वयमा संचालन गर्नका लागि अनुरोध गर्ने निर्णय गरीयो ।

निर्णय नं. १०

करार सेवामा कार्यरत एक जना एम्बुलेन्स चालकले आफ्नो पदबाट राजिनामा दिई पद रिक्त भई एम्बुलेन्स सेवा नियमित गर्न समस्या भएकोले एक जना हलुका सवारी चालक (एम्बुलेन्स) करार सेवामा पदपुर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं . ११

यस कार्यालयमा करार सेवामा कार्यरत निम्नानुसारका कर्मचारीहरुको पारिश्रमिक थप गर्ने सम्बन्धमा तपशिल बमोजिम निर्णय गरीयो ।

तपशिल

| सि.नं. | नामथर/पद | हाल खाईपाई आएको पारिश्रमिक | थप गरिएको पारिश्रमिक | सेवा अवधी | कैफियत |
|---|---|---|---|---|---|
| १ | का.स. श्री शान्ता बास्कोटा अधिकारी | रु १५०००। | रु. ५,०००। | २० बर्ष | चाडपर्व खर्च एक महिना बराबरको पारिश्रमिक |
| २ | कुचिकार श्री उमा पोडे | रु १५०००। | रु. ५,०००। | १८ बर्ष | चाडपर्व खर्च एक महिना बराबरको पारिश्रमिक |
| ३ | का.स. श्री राजमती महर्जन | रु १५०००। | रु. ५,०००। | १६ बर्ष | चाडपर्व खर्च एक महिना बराबरको पारिश्रमिक |